भरतपुर महानगरपालिका

## नगर कार्यपालिका बैठकका प्रस्ताव एवं निर्णयहरु

(बैठक सङ्ख्याः ११५, बैठक मितिः २०८२ माघ २१ गते बिहान ०८ बजे)

<table>
<tr><th>क्र.सं.</th><th>प्रस्तावहरु</th><th>निर्णयहरु</th></tr>
<tr><td>१.</td><td>११४औं नगर कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।</td><td>नगर कार्यपालिकाको मिति २०८२।१०।०६ को ११४औं बैठकका निर्णयहरूको समीक्षा गर्दा निर्णय कार्यान्वयन प्रक्रिया सन्तोषजनक रहेको पाईयो ।</td></tr>
<tr><td>२.</td><td>धन्यवाद तथा स्वागत प्रस्ताव सम्बन्धमा ।</td><td>निवर्तमान नगर प्रमुख श्री रेनु दाहालज्यूलाई दुई कार्यकालसम्म यस महानगरपालिकालाई पुर्याउनुभएको योगदानको उच्च मूल्याङ्कन गर्दै हार्दिक धन्यवाद ज्ञापन गर्ने र कार्यवाहक नगर प्रमुख श्री चित्रसेन अधिकारीज्यूलाई हार्दिक स्वागत र सफल कार्यकालको शुभकामना प्रस्ताव पारित गर्ने ।</td></tr>
<tr><td>३.</td><td>समपुरक तथा विशेष अनुदानका योजनाहरु सिफारिस गर्ने सम्बन्धमा ।</td><td>आ.व. २०८३।८४ का लागि देहाय बमोजिमको प्राथमिकता क्रममा समपुरक तथा विशेष अनुदानमा योजनाहरु सिफारिस गर्नेः<br>क) संघ समपुरक अनुदान-
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>रकम रु.</th></tr>
<tr><td>१</td><td>पुङ्गी खोला ड्रेन विस्तार तथा सौन्दर्यकरण (क्रमागत)</td><td>७ करोड</td></tr>
<tr><td>२</td><td>केरुङ्गा खोला नदी नियन्त्रण</td><td>१५ करोड</td></tr>
<tr><td>३</td><td>शितल चोकदेखि गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला जाने सडक स्तरोन्नति वडा नं. १५ र १६</td><td>५ करोड</td></tr>
</table>
ख) संघ विशेष अनुदान-
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>रकम रु.</th></tr>
<tr><td>१</td><td>नारायणी र रासी नदी तटीय क्षेत्रमा मेसजाली लगाउने कार्य (क्रमागत)</td><td>५ करोड</td></tr>
<tr><td>२</td><td>आदिकवि भानुभक्त मा.वि., भरतपुर महानगरपालिका वडा नं. १</td><td>५ करोड</td></tr>
<tr><td>३</td><td>वडा नं. १४ को शिवनगर अस्पताल सेवा विस्तारको लागि पूर्वाधार निर्माण</td><td>५ करोड</td></tr>
</table>
</td></tr>
<tr><td>४.</td><td>जेनजी आन्दोलनबाट क्षति भएका कागजात तथा सम्पत्तिहरुको</td><td>गत भाद्र २३ र २४ को जेनजी आन्दोलनका क्रममा महानगरपालिका र अन्तर्गतका वडा कार्यालयहरुमा भएको आगजनी, तोडफोड र लुटपाट भएका सम्पत्ति तथा कागजात र फाइलहरुको मिनाहा तथा लिलाम प्रयोजनका लागि मिति</td></tr>
</table>

| | | |
|---|---|---|
| | मिनाहा तथा लिलाम गर्ने सम्बन्धमा । | २०८२।०७।१३ तथा मिति २०८२।०७।२३ मा जिल्ला प्रशासन कार्यालय अन्तर्गतको सिफारिस समितिमा पठाइएकोमा मिति २०८२।०९।२८ गतेको मिनाहा सिफारिस समितिको बैठकको निर्णयबाट सिफारिस भई आएको जिल्ला प्रशासन कार्यालयको मिति २०८२।१०।०६ च.नं. ४१४३ को पत्रानुसार देहाय बमोजिम मिनाहा गर्ने तथा लिलाम प्रक्रिया अघि बढाउने-<br>क) भरतपुर महानगरपालिकाको मिति २०८२।०७।१३ च.नं. १३१८ को पत्रबाट जिल्ला प्रशासन कार्यालयमा सिफारिस भएका विभिन्न शाखा, महाशाखा र इकाई तथा वडा कार्यालयहरुमा जली, लुटी पूर्णरुपमा नष्ट भएका कार्यालयको अभिलेख एवं श्रेस्ताहरु, कागजातहरु तथा मिनाहाको लागि पठाइएका खप्ने तथा नखप्ने जिन्सी सामग्री सहित पाना ९५ बमोजिमका सम्पत्ति तथा कागजातहरु मिनाहा गरी लगत कट्टा गर्ने ।<br>ख) भरतपुर महानगरपालिकाको मिति २०८२।०७।२३ च.नं. १५२५ को पत्रबाट जिल्ला प्रशासन कार्यालयमा सिफारिस भएका पाना ४४ बमोजिमका खप्ने जिन्सी सम्पत्ति तथा यातायात व्यवस्था कार्यालयहरुबाट लगत कट्टा भई आएका सवारी साधनहरुको कार्यालयबाट गठित लिलाम समितिले लिलाम प्रक्रिया अघि बढाई लिलाम पश्चात् जिन्सी लगत कट्टा गर्ने । |
| ५. | विपद् व्यवस्थापन कोष सञ्चालन समितिबाट सिफारिस भए बमोजिम विपद् कोषबाट खर्च गर्ने सम्बन्धमा । | भरतपुर महानगरपालिकाको विपद् व्यवस्थापन कोष सञ्चालन समितिको मिति २०८२।१०।१९ गतेको बैठकको निर्णय बमोजिम देहाय बमोजिमका व्यक्ति तथा संस्थाहरुलाई विपद् व्यवस्थापन कोषबाट राहत रकम उपलब्ध गराउने-<br>क) नेपाल रेडक्रस सोसाइटी पार्वतीपुरलाई एम्बुलेन्स खरिद गर्न रु. ११ लाख,<br>ख) महानगर परिसरमा सञ्चालित क्यान्टिन आर.के. दियालोको नाममा रु. ६ लाख,<br>ग) भरतपुर-१४ सिद्धकालिका टोल विकास संस्था अन्तर्गत विश्वज्योति बोर्डिङ्ग स्कूल नजिकको कल्भर्टको रेलिङ्ग निर्माण गर्न प्राविधिक मूल्याङ्कन बमोजिम बढीमा १ लाख ९३ हजार । |
| ६. | छ लेन सडक खण्डका मुख्य चोकहरुमा आकाशेपुलको व्यवस्थापनको लागि अनुरोध गर्ने सम्बन्धमा । | यस महानगरपालिका अन्तर्गत पूर्व-पश्चिम राजमार्ग अन्तर्गतको छ लेन सडकका पुल्चोक, सहिदचोक, लायन्सचोक, चौबीसकोठी, हाकिमचोक, बसपार्कचोक साथै वाइपास रोड लगायतका स्थानहरुमा उच्च सवारी आवागमनको कारण पैदल यात्रुहरुलाई सडक वारपार गर्न असुविधा भएको हुँदा उक्त सडकमा आकाशे पुल निर्माण गर्न तथा भरतपुर महानगरपालिकाको सीमा नाकामा पर्ने स्थान भरतपुर-मुग्लिङ्ग सडकको इच्छाकामना गाउँपालिकाको सीमाना, पूर्व-पश्चिम महेन्द्र राजमार्गको रत्ननगर नगरपालिकाको सीमाना, भरतपुर-माडी सडकको राष्ट्रिय निकुञ्ज सीमाना तथा महेन्द्र राजमार्गको नारायणी नदी सीमानामा र विशाल चोकबाट कालिका नगरपालिका जाने सडकको कालिका नगरपालिकाको सीमानामा प्रवेशद्वार निर्माण गर्नको लागि बजेट व्यवस्थापन गरिदिन सडक विभाग लगायत सम्बन्धित निकायमा अनुरोध गर्ने । |

| | | |
|---|---|---|
| ७. | सुविस्ताको आधारमा ठेक्का अन्त्य गर्ने सम्बन्धमा । | मिति २०८१।०४।२७ मा दायित्व सिर्जना भएको ठेक्का नं. **74/BMC/80/81/W/NCB/107 Construction of Gate at Prachanda Marga BMC-14, Mangalpur Bazar BMC-15, Shivanagar Bazar BMC-14, Telauli Bazar BMC-25 and Parbatipur Bazar BMC-21** कार्यका लागि **Jimmal Builders Pvt.Ltd.** बाट निर्माण कार्य प्रारम्भ गर्दा प्रचण्ड मार्गमा गेट निर्माणका क्रममा हालको सडक मापदण्ड **(ROW)** अनुसार साइट उपलब्ध गराउँदा गेट निर्माण हुने स्थानमा स्थानीयको घरहरुमा धेरै क्षति हुने र डिजाइन अनुसारको गेट निर्माण गर्दा सडक मापदण्ड पालना नहुने देखिएको तथा सो योजनाको बजेट कट्टा गरी पुनर्निर्माण कोषमा रकमान्तर समेत भएको हुँदा हाललाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(४) बमोजिम सार्वजनिक हितका लागि सुविस्ताको आधारमा खरिद सम्झौता अन्त्य गर्ने । |
| ८. | गत आ.व.का उपभोक्ता समितिहरुको म्याद थप गरी फरफारक गर्ने सम्बन्धमा । | गत आ.व.मा योजना सम्झौता भई काम सम्पन्न हुन नसकेका उपभोक्ता समिति अन्तर्गतका योजनाहरुको हालसम्मलाई म्याद थप गरी जे जति परिमाणमा कार्य सम्पन्न भएको छ सोही आधारमा फरफारक गरी भुक्तानी गर्ने । |
| ९. | निर्वाचन आचारसंहिता कार्यान्वयन गर्ने सम्बन्धमा । | निर्वाचन आयोगबाट जारी प्रतिनिधिसभा सदस्य निर्वाचन आचारसंहिता, २०८२ को पूर्णरुपमा पालना गर्ने गराउने तथा वडा कार्यालयहरुबाट कुनै पनि नयाँ योजना तथा कार्यक्रमहरुको बजेट व्यवस्थापनका लागि महानगरमा फाइल नपठाई सम्बन्धित वडा कार्यालयमै सङ्कलन गर्ने र आगामी वर्षको बजेट निर्माण गर्ने क्रममा मात्र सङ्कलित योजना तथा फाइलहरु पेश गर्ने गरी निर्देशन दिने । |
| १०. | विज्ञापन कर तथा राजस्वका अन्य स्रोत व्यवस्थापन गर्ने सम्बन्धमा । | भरतपुर महानगरपालिकाको आन्तरिक आय वृद्धि गर्ने प्रयोजनार्थ छ लेन सडक तथा वाइपास सडकमा राखिएका होर्डिङ्ग बोर्डहरुको विज्ञापन करको ठेक्का व्यवस्थापन गर्ने, कोशी नदीस्थित भरतपुर महानगरपालिकाको नाममा रहेका जेट वार्ज (मोटरवोट) को ठेक्का व्यवस्थापन गर्ने लगायतका राजस्वसँग सम्बन्धित राजस्व परामर्श समितिबाट निर्णय भए बमोजिम आय ठेक्का बन्दोवस्त गर्ने । |
| ११. | “घ” वर्गको इजाजतपत्र अनुमति दिने सम्बन्धमा । | “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्न सिफारिस समितिबाट सिफारिस भई आएका देहाय बमोजिमको “घ” वर्गको नयाँ इजाजत पत्र प्रदान गर्ने- |

| क्र.सं. | फर्मको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | नेशनल कन्स्ट्रक्सन एण्ड मल्टिसर्भिस | भरतपुर-१० चितवन | नयाँ दर्ता |
| २ | कन्चन बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि. | भरतपुर-१२ चितवन | नयाँ दर्ता |
| ३ | शार्क डिजाईन एण्ड कन्स्ट्रक्सन प्रा.लि. | भरतपुर-४ चितवन | नयाँ दर्ता |

| | | | |
|---|---|---|---|
| ४ | बेटरलाईफ कन्स्ट्रक्सन एण्ड इन्टरप्राइजेज प्रा.लि. | भरतपुर-१० चितवन | नयाँ दर्ता |
| ५ | टेक्नो म्यानेजमेन्ट प्रा.लि. | भरतपुर-१० चितवन | नयाँ दर्ता |
| ६ | स्पान कन्सट्रक्सन कम्पनी प्रा.लि. | भरतपुर-१६ चितवन | नयाँ दर्ता |
| ७ | सौरभी ईन्फ्रा डेभलपर्स प्रा.लि. | भरतपुर-१० चितवन | नयाँ दर्ता |
| ८ | इशानेश्वर बिल्डर्स प्रा.लि. | भरतपुर-१० चितवन | अबिरल निर्माण प्रा.लि. बाट नाम संशोधन भई इशानेश्वर बिल्डर्स प्रा.लि. कायम गर्ने |
| ९ | अर्थकन कन्स्ट्रक्सन | भरतपुर- ०७ चितवन | नयाँ दर्ता |
| १० | ल्याण्डलक नेपाल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | भरतपुर - ०६ चितवन | नयाँ दर्ता |
| ११ | हिपस कन्स्ट्रक्सन प्रा.लि. | भरतपुर- १० चितवन | नयाँ दर्ता |
| १२ | दृष्य नेपाल कन्स्ट्रक्सन प्रा.लि. | भरतपु- ०४ चितवन | नयाँ दर्ता |
| १३ | इसा एण्ड इसान कन्सट्रक्सन एण्ड सप्लायर्स | भरतपुर- २९ चितवन | नया दर्ता |
| १४ | कन्यादेवी कन्स्ट्रक्सन | भरतपुर-२९ चितवन | नवीकरणका लागि पेश भई निर्णय भएको सक्कल फाइल आगलागिमा परी नष्ट भएकोले ४ वर्षको नवीकरण गरी अभिलेख कायम गर्ने |

| | | |
|---|---|---|
| १२. | हिम सगरमाथा/कृपा/रोयल जे.भी. भरतपुर-२ को आ.व. २०८०।८१ को मूल्य अभिवृद्धि कर फिर्ता सम्बन्धमा । | आर्थिक प्रशासन महाशाखाबाट सिफारिस भए बमोजिम आ.व. २०८०।८१ मा हिम सगरमाथा/कृपा/रोयल जे.भी., भ्याट/पान नं. ६१६९६१४१२ ले निर्माण सम्बन्धी कार्यवापत भुक्तानी लिने क्रममा यस कार्यालयबाट निजको मूल्य अभिवृद्धि कर आन्तरिक राजस्व कार्यालयमा जम्मा गरिदिनुपर्नेमा नन फाइलर भएका कारण उक्त समयमा खातामा जम्मा नभई सञ्चित कोषमै रकम जम्मा भएको हुँदा आन्तरिक राजस्व कार्यालय भरतपुरको मिति २०८२।१०।०९ च.नं. ९२३८ को पत्रबाट मु.अ.कर दाखिला सम्बन्धमा अनुरोध भई आएकोले निज फर्मको स्थायी लेखा नम्बर ६१६९६१४१२ मा जम्मा रु. ७४०६८३।६२ रकम आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्ने । |
| १३. | विविध | |

| | | |
|---|---|---|
| क. | योजनाको नाम तथा रकम संशोधन सम्बन्धमा। | क) वडा नं. ११ को वडास्तरीय पूँजीगत योजना (पेज नं. ५५ क्र.सं. ५६) "गोर्खाली टोल माछापुच्छ्रे मार्ग नाला निर्माण"लाई संशोधन गरी "गोर्खाली टोल माछापुच्छ्रे मार्ग कालोपत्रे पिच मर्मत" कायम गर्ने ।<br>ख) वडा नं. २३ को "बालबालिका, महिला, दलित, जनजाति, आदिवासी, अपाङ्ग, ज्येष्ठ नागरिकहरुको सीप क्षमता विकास सम्मान" कार्यक्रमको जम्मा रु. ७ लाख मध्येबाट "ओम शान्ति अधुरो भवन निर्माण योजना"मा २ लाख र वडास्तरीय कार्यक्रम खर्च (समिति सुरक्षा संघ संस्था समन्वय) शीर्षकमा रु. १ लाख विनियोजन गरी संशोधन गर्ने।<br>ग) वडा नं. १८ को पेज नं. ७६ क्र.सं. ८ को "वातावरण मैत्री वडा बनाउने फोहोरमैला व्यवस्थापन सरसफाई सामग्री वितरण" लाई संशोधन गरी "कार्यालयमा आवश्यक फर्निचर खरिद" कायम गर्ने । पेज नं. ७६ क्र.सं. १२ को "बालमैत्री सामग्री वितरण तथा मर्मत" लाई संशोधन गरी "कार्यालयमा आवश्यक फर्निचर खरिद" कायम गर्ने । पेज नं. ७६ क्र.सं. ६७ को "सलौली टाडीमा पर्ने सिंचाई कुलोको वाल मर्मत" लाई संशोधन गरी "गुन्जनगर ग्रिन पार्कको पोखरीमा ढुङ्गा खरिद" कायम गर्ने।<br>घ) वडा नं. २७ को मिति २०८२।१०।१८ को पत्रानुसार "तेलौली बजारको सार्वजनिक स्थानमा शौचालय निर्माण योजना"लाई "तेलौलीमा रहेको टाइगर युवा क्लबको लागि शौचालय निर्माण योजना" भनेर संशोधन गर्ने । त्यसैगरी "थारु सांस्कृतिक ग्राम" शीर्षकलाई "थारु सांस्कृतिक संग्रहालय भित्र सत्तल निर्माण तथा कंक्रिट वाल निर्माण" कायम गर्ने ।<br>ङ) वडा नं. १० को च.नं. २०३७ मिति २०८२।१०।२० को पत्रबाट योजना पुस्तिकाको पेज नं. ५२ सि.नं. ८७ मा विनियोजित "असहाय अपाङ्गको लागि भौतिक निर्माण" शीर्षकमा विनियोजित रकम भूलवस नारायणी मा.वि.का अपाङ्ग विद्यार्थीका लागि भौतिक व्यवस्थापनमा रु. १ लाख र चितवन मा.वि.का अपाङ्ग विद्यार्थीका लागि भौतिक व्यवस्थापनमा रु. १ लाख गरी संशोधन भएकोमा सो योजना संशोधन नगरी यथावत कायम गर्ने । |
| ख. | भुक्तानी बाँकी रकम भुक्तानी सम्बन्धमा । | क) वडा नं. ९ को आ.व. २०८२।८२ को पुष्प खेती रैथाने बालीको शीर्षकबाट संगम महिला कृषक समूहको नाममा भुक्तानी हुनुपर्नेमा खाता म्याच नभएर रकम जम्मा हुन नसकेको हुँदा यस आ.व. को भुक्तानी बाँकी बाट उक्त समूहलाई रकम भुक्तानी दिने ।<br>ख) वडा नं. ७ को गत आ.व. को वार्षिक योजनामा समावेश भएको निर्माण भएका पेटी तथा सडकमा सफाई कार्यको निर्माण सम्पन्न भइ वडाबाट भुक्तानी आदेश आएको तर भुक्तानी हुन नसकी भुक्तानी बाँकीमा समेत छुट हुन गएको रकम रु. ९८३५५।— भुक्तानी बाँकी शीर्षकबाट सडक नाला तथा सरसफाइ निर्माण उपभोक्ता समितिको नाममा भुक्तानी दिने । |

| | | |
|---|---|---|
| ग. | वडा कार्यालयको लागि घर भाडामा लिने सम्बन्धमा । | वडा नं. ३ को कार्यालयको मिति २०८२।१०।१२ च.नं. १७१४ को पत्रबाट अनुरोध भई आए बमोजिम उक्त वडाको वडा कार्यालय भवन निर्माण नहुँदासम्म कार्यालय व्यवस्थापनको लागि वडा कार्यालयलाई आवश्यक पर्ने घर भाडामा लिने प्रक्रिया अघि बढाउने । |
| घ. | नागरिक आरोग्य केन्द्र सञ्चालन सम्बन्धमा । | वडा नं.११ को कार्यालयबाट अनुरोध भए बमोजिम वडा नं.११को पुरानो भवनमा पालिकाका मौजुदा जनशक्तिबाट कर्मचारी व्यवस्थापन तथा वडा कार्यालय तथा स्वास्थ्य शाखाबाट अन्य व्यवस्थापन हुने गरी नागरिक आरोग्य केन्द्र सञ्चालन गर्ने । |
| ङ. | सेवा केन्द्र विस्तार गर्ने सम्बन्धमा । | महानगरपालिकाका विशेष गरी कृषि तथा पशुपालन बढी भएको क्षेत्रमा कृषि तथा पशु सेवाको प्राविधिक पहुँच पुर्याउने उद्देश्यका साथ कृषि तथा पशु सेवा केन्द्रहरु स्थापना गर्ने सम्बन्धमा अध्ययन गरी १५ दिनभित्रमा प्रतिवेदन पेश गर्न देहाय बमोजिमको ९ सदस्य रहने गरी अध्ययन टोली गठन गर्ने-<br>श्री राम बहादुर गोदार, वडा अध्यक्ष, वडा नं. २४- संयोजक<br>श्री लेखराज पन्त, वडा अध्यक्ष, वडा नं. १२- सदस्य<br>श्री राजेन्द्र साँखी, वडा अध्यक्ष, वडा नं. १४- सदस्य<br>श्री अमृत राज हमाल, वडा अध्यक्ष, वडा नं. १६- सदस्य<br>श्री दिपक दवाडी, वडा अध्यक्ष, वडा नं. २३- सदस्य<br>श्री डण्डपाणी रिजाल, वडा अध्यक्ष, वडा नं. २८- सदस्य<br>श्री विष्णु बहादुर भुजेल, नगर कार्यपालिका सदस्य<br>श्री तेजेन्द्र प्रसाद पौडेल, आर्थिक विकास महाशाखा प्रमुख- सदस्य<br>श्री शैलेन्द्र भण्डारी, व. पशु चिकित्सक, अधिकृतस्तर आठौं- सदस्य सचिव |
| च. | आर्थिक सहायता सम्बन्धमा । | • भरतपुर महानगरपालिका वडा नं. १४ बस्ने श्री दुर्गादत्त अधिकारीलाई मुटुरोगको उपचार गर्न रु. ३०,०००।— (तीस हजार रुपैयाँ मात्र) आर्थिक सहयोग गर्ने ।<br>• भरतपुर महानगरपालिका वडा नं. १६ बस्ने श्री विष्णु माया बोगटीलाई क्यान्सर रोगको उपचार गर्न रु. ५०,०००।— (पचास हजार रुपैयाँ मात्र) आर्थिक सहयोग गर्ने ।<br>• भरतपुर महानगरपालिका वडा नं. २० बस्ने श्री सिताराम परियारलाई क्यान्सर रोगको उपचार गर्न रु. ५०,०००।— (पचास हजार रुपैयाँ मात्र) आर्थिक सहयोग गर्ने ।<br>• भरतपुर महानगरपालिका वडा नं. २९ बस्ने श्री खुनी दमैलाई क्यान्सर रोगको उपचार गर्न रु. ५०,०००।— (पचास हजार रुपैयाँ मात्र) आर्थिक सहयोग गर्ने । |